""शिक्षा स्वास्थ्य पर्यटन र व्यापारिक पूर्वाधार; बहुसाँस्कृतिक आवासीय समृद्ध सहर"
धरान उपमहानगरपालिका
DHARAN SUB-METROPOLITAN CITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
धरान, सुनसरी, प्रदेश नं. १, नेपाल
Dharan, Sunsari, Province No. 1, Nepal

प.सं. /०७८/७९

च.नं. ४४०५

मितिः २०७८/१०/२४

श्री वडा कार्यालय,
१-२०

विषय-निवेदन दर्ता गरी जानकारी पठाउने सम्बन्धमा ।

उपरोक्त विषयमा मिति २०७८/१०/२४ को नगर प्रमुख स्तरीय निर्णय अनुसार यस उपमहानगरपालिकामा विगतमा भुमिहिन, दलित भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन फारम भर्न छुट भएका नगरबासी घरपरिवारहरुलाई निवेदन दिनको लागि मिति २०७८/१०/२५ गते देखी ७ दिनको म्याद राखी निवेदन दिन सूचना निकालिएकोले भुमिहीन दलित, भुमिहीन सुकुम्वासी अव्यवस्थित बसोबसीको लगत संकलन सम्बन्धी कार्यविधी, २०७८ अनुसार अनुसुची-३ र अनुसुची-४ को लगत संकल फारम भर्न आवश्यक कागजात सहित पेश भएका निवेदन वडा कार्यालयमा दर्ता गरी त्यसको जानकारी मिति २०७८/११/०३ गते (७ दिन पछी) एकमुस्ट रुपमा नगरपालिकामा पठाउनुहुन जानकारी गराईन्छ ।उक्त जानकारी प्राप्त भएपछी नगरपालिकाबाट टोली पठाई लगत संकलन फारम भरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

२०७८।१०।२४

लक्ष्मी प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

लक्ष्मी प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

## अनिधरान उपमहानगरपालिकाको भुमिहिन दलित, भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको लगत संकलन फारम भर्न छुट भएकाहरुले निवेदन दिने सूचना ।

यस उपमहानगरपालिकामा भुमिहिन दलित, भुमिहिन सुकुम्बासी र अव्यवस्थित सुकुम्बासीको फारम भराउने कार्य सम्पन्न भई १३३१० वटा फारम संकलन भैसकेको छ । हाल छिटपुट रुपमा लगत संकलन फारम भर्न बाँकी रहेको भनि गुनासो आइरहेकोले यस कार्यलयको निर्णय अनुसार मिति २०७८/१०/२५ देखी मिति २०७८/११/०२ गते सम्म ७ दिन भित्र विगतमा फारम भर्न छुट भएका नगरबासी घरपरिवारले आवश्यक कागजात सहित आ-आफनो वडा कार्यालयमा निवेदन दिनको लागि जानकारी गराइन्छ । यस सम्बन्धी थप विवरण बुझ्नु परेमा यस उपमहानगरपालिकाको प्रशासन शाखामा सम्पर्क गर्नुहोला ।

<u>आवश्यक कागजातहरु</u>

**भुमीहिन सुकुम्वासी र भुमिहिन दलितले भर्ने फरमको लागि आवश्यक कागजातहरु**

- -परिवारमुली र नागरिता प्राप्त परिवारका अन्य सदस्यको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी( अनिवार्य)
- -उपभोगको प्रमाण सम्बन्धी कागजातको प्रतिलिपि
- -उपलब्ध अन्य प्रमाण

**अव्यवस्थित बसोबासीको फारम भर्नको लागि आवश्यक कागजातहरु**

- माग गरेको जग्गा ....वर्ष(कम्तिमा दश वर्ष) अघिबाट आवाद कमोद भई आएको हो भनी प्रमाणीत गरेको सम्बन्धित गाँउ वा नगरकार्यपालिकाको निर्णय बमोजिमको सिफारिस
- -परिवारमुली र नागरिता प्राप्त परिवारका अन्य सदस्यको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी(अनिवार्य)
- आफु र परिवारका सदस्यका नाममा अन्यत्र रहेको सबै जग्गाको पुर्जीको प्रतिलिपि र सम्बन्धित स्थानीय तहको सम्पत्ति कर प्रयोजनको लागि निर्धारण गरेको मुल्याङ्कन सम्बन्धित स्थानिय तहको पत्र
- उपभोगको प्रमाण सम्बन्धी कागजातको प्रतिलिपि
- उपलब्ध अन्य प्रमाण